लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(आर्थिक प्रशासन शाखा)
डुँडे, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स: ०७९।८०
च.न. १६८२

मिति :२०८०।०२।३२

विषय : भुक्तानी बन्द हुने सम्वन्धमा ।

श्री सरोकारवाला (सवै),
श्री विषयगत शाखा (सवै),
श्री वडा कार्यालय (सवै),
लिखु गाँउपालिका, नुवाकोट ।

प्रस्तुत विषयमा, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) वमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गर्ने गराउने व्यवस्था रहेको छ। स्थानीय तहमा स्थानीय संचितकोष व्यवस्थापन प्रणली (SUTRA) वाट आर्थिक कारोवार हुँदै आएको र असार २४ गते नै (SUTRA) वन्द भई आर्थिक कारोवार बन्दहुने व्यहोरा अवगत नै छ ।

तसर्थ सो सम्वन्धमा यस कार्यालयबाट चालु आ.व. २०७९/८० का लागि स्वीकृत सम्पुर्ण योजना तथा कार्यक्रमहरुको भुक्तानी लिन वाँकी मातहतका कार्यालयहरु, शाखाहरु, सम्पुर्ण व्यक्ति, फर्म, आपुर्तीकर्ता, परामर्शदाता, निमार्ण व्यवसायी, उपभोक्ता समितिहरु लगायत सम्पुर्ण सरोकारवालाहरुले चालु प्रकृतिका खर्चको हकमा २०८० असार १५ गते भित्र तथा पुँजिगत प्रकृतिका खर्चको हकमा २०८० असार १८ गतेभित्र नियमानुसार कागजात पेश गरि फरफारक गर्नुहुन अनुरोध छ। साथै तोकिएको समय सिमा भित्र कार्यालयमा भुक्तानीको लागि कागजात पेश नभएमा/भुक्तानी नलिएमा स्वय मातहतका कार्यालयहरु, शाखाहरु, सम्पुर्ण व्यक्ति, फर्म, आपुर्तीकर्ता, परामर्शदाता, निमार्ण व्यवसायी उपभोक्ता समिति तथा सरोकारवालाहरु नै जिम्मेवार रहनुपर्ने र कार्यालय जवाफदेही नहुने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गाराइन्छ ।

धर्मराज आचार्य
लेखा अधिकृत

मधुकर कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ
श्री अध्यक्ष ज्यू / श्री उपाध्यक्ष ज्यू, लिखु गाँउपालिका, नुवाकोट ।

वोधार्थ:
श्री सुचना प्रविधि शाखा : सुचना वेबसाइटमा अपलोड गर्नुहुन ।